# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौंको

## <u>नागरिक बचतपत्र २०७१"क" निष्कासन गर्ने सूचना</u>

नेपाल सरकारले राष्ट्र ऋण ऐन, २०५९ राष्ट्र ऋण नियमावली, २०५९ अनुसार देहाय बमोजिमका शर्तहरु कायम गरी नागरिक बचतपत्र २०७१"क" निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम :- नागरिक बचतपत्र २०७१"क" (७-वर्षे) ।
(ख) निष्कासन गर्ने रकम :- रू.५०.०० करोड (पचास करोड रुपैयाँ मात्र) ।
(ग) वार्षिक व्याजदर :- ६.५० प्रतिशत (अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि :- २०६४ पौष १ गतेदेखि पौष ६ गतेसम्म ।
(ङ) निष्कासन हुने मिति :- २०६४ पौष ९ गते ।
(च) साँवा भुक्तानी हुने मिति :- २०७१ पौष ९ गते ।
(छ) खरिद गर्न सकिने रकम :- रु.१,०००।- वा सो अंकले भाग गर्दा नि:शेष हुने रकम (बढीमा दश लाख रुपैयाँसम्म) ।
(ज) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।

२. यो बचतपत्र अंकित मूल्यमा नेपाली नागरिकहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. तोकिएको व्याजदरमा हरेक ६/६ महिनामा आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, <u>वाणिज्य बैंक, कृषि विकास बैंकका बैंकिङ्ग कारोवार गर्ने कार्यालयहरु तथा बजार निर्माताहरु</u> (यसको सूची नेपाल राष्ट्र बैंकको वेबसाइट http:// www .nrb.org.np मा उपलब्ध छ) बाट व्याज लिन सकिनेछ ।

४. खरिदकर्ताले बैंक तथा बजार निर्माता कहाँ रकम बुझाएकै मितिदेखि २०६४ पौष ८ गतेसम्मको खण्डित अवधिमा उपरोक्त व्याजदरले हुन आउने व्याज रकम समेत भुक्तानी पाउनेछन् ।

५. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन पाइनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा दरखास्त फाराममा थान-१ पासपोर्ट साइजको फोटो र आफूले लिन चाहेको बचतपत्रको प्रत्येक प्रमाणपत्रको लागि थान-१ का दरले पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको नाम समेत भएको जन्म दर्ता प्रमाण समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम विना व्याज अस्वीकृत भएको मितिले ७ दिनभित्र सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

७. बचतपत्र खरिद गर्न काठमाडौं उपत्यकामा यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरु तथा उपत्यका बाहिर नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरुका शाखा उपशाखाहरु, कृषि विकास बैंकका बैकिङ्ग कारोवार गर्ने कार्यालयहरु तथा बजार निर्माताहरु मार्फत खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बुझाउने भौचरहरु सम्बन्धित बैंक तथा बजार निर्माताहरुबाट नि:शुल्क उपलब्ध हुनेछन् ।

८. उपरोक्त नागरिक बचतपत्र बिक्री गर्न गराउन नेपाल राष्ट्र बैकका कार्यालयहरु, वाणिज्य बैंकहरु, कृषि विकास बैंक र यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरुलाई परिपत्र तथा कार्यविधि पठाइएको छ । सो परिपत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिहरुलाई उपरोक्त म्यादभित्र बिक्री गरी दैनिक खवर फ्याक्स (फ्याक्स नं. ४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको दरखास्त फारामहरु हुलाक वा एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

९. बिक्री खुला रहेको अवधि पूरा नहुँदै सबै रकम बिक्री भएमा उक्त अवधि समाप्त हुनु अगावै बचतपत्र बिक्री कार्य बन्द गर्न सकिने छ । साथै, बिक्री खुला रहेको अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहेमा वा बढी बिक्री भएमा बचतपत्र बाँडफाँड सम्बन्धी निर्णय यस बैंकले गरे बमोजिम हुनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन: ४२५७८८०, ४२४१२७२ वा ४२४८९००-९०४ एक्सटेन्सन १२३ मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइड http://www .nrb.org.np मा हेर्नु हुन अनुरोध गरिन्छ ।